नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिमकोट, हुम्ला

☎ ०८७-६८००३३
६८०१३६
फ्याक्सः ०८७-६८००३४

प.सं. २०८२/०८३ मिति २०८२/०६/०९
च.नं. ने.सं.११४५ कौलाथ्व

## चाँडपर्व मनाउने सम्बन्धमा जिल्लावासिहरुमा अनुरोध

नेपालीहरुको महान पर्वहरु विजयादशमी, दिपावली/तिहार र छठका अवसरमा समस्त हुम्लावासी आमाबुबा, दाजुभाई, दिदीबहिनीहरुमा जिल्ला प्रशासन कार्यालय, हुम्लाको तर्फबाट सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एंव उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौ। मौलिक परम्परा, संस्कृति र प्रचलित कानूनको पालना गरी भयरहित वातावरणमा निर्धक्क भई पारस्परिक संद्राव, एकता र मित्रता सुदृढ गर्दै हर्षोल्लासका साथ सबै नागरिकबिच आपसी सहयोग, सम्मान र सामाजिक अनुशासन पालना गर्दै पर्व मनाउदा समाजलाई अझ गतिशिल, सभ्य र ऐक्यबद्ध बनाउन सकिन्छ भन्ने मान्यताका साथ सम्पूर्ण जिल्लावासी तथा सम्बद्ध निकायहरुले दशै पर्व मनाउने क्रममा देहाय बमोजिम गर्न/गराउनुहुन हार्दिक अनुरोध गरिन्छ ।

१.अत्यावश्यक वस्तुमा कृत्रिम अभाव सृजना गर्ने, कालोबजारी, मुल्यवृद्धि, म्याद नाघेका वस्तु विक्री /ढुवानी र प्रयोग नगर्ने/नगराउने ।

२. सार्वजनिक स्थलमा भीडभाड, होहल्ला र हुलदङ्गा नगरी सभ्य र मर्यादित ढङ्गले चाँडवाड मनाउने ।

३. सवारी साधनको क्षमता भन्दा बढी यात्रु नबोक्ने, मादक पदार्थ सेवन गरी सवारी नचलाउने,
तोकिएको भाडादरभन्दा बढी भाडा नलिने, ट्राफिक नियमको पालना गर्ने/गराउने, यात्रुलाई कुनै सहयोगको आवश्यक परे वा गुनासो भएमा नजिकैको प्रहरी कक्ष वा जिल्ला ट्राफिक प्रहरी कार्यालयका कार्यालय प्रमुखको मो.नं. ९८५८३९१६२६ मा सम्पर्क गर्नहुन वा प्रहरी कन्ट्रोल नं. १०० मा सम्पर्क गर्नहुन ।

४. चाडवाडको बाहानामा धार्मिक, जातिय वा सामाजिक सद्रावमा खलल् पुऱ्याउने कुनै पनि गतिविधि साथै मनोरञ्जनका नाममा गैरकानूनी रुपमा चिठ्ठा, जुवातास, सट्टावाजी जस्ता कानूनले निषेध गरेका क्रियाकलापहरु नगर्ने/ नगराउने ।

५.चाँडपर्वको समयमा आपूर्ती, स्वास्थ्य तथा अन्य आपतकालीन सेवा सूचारु गर्ने, यसका लागि जिल्लामा उपलब्ध जनशक्ति र स्रोत साधन (एम्बुलेन्स, स्वस्थ्यकर्मी, स्काभेटर, सवारी साधन, क्रेन चालक, इन्धन आदि) सम्बद्ध निकायले तयारी अवस्थामा राख्ने ।

६. मनसुनका कारण बिग्रेका, भत्केका राजमार्ग सडक सम्बद्ध निकायले मर्मत गरी चालु अवस्थामा ल्याउने, यात्रा गर्दा सुरक्षा सर्तकता अवलम्बन गर्ने ।

७. यदि कोही कसैले उपरोक्त विपरितका कार्य गरे/गराएमा नजिकैको सुरक्षा निकाय वा प्रहरी इकाईहरु (फोन नम्बर १०० वा जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारीको मो.नं. ९८५८३२२०४५ मा जानकारी गराउनुहुन समेत अनुरोध छ ।

अन्त्यमा हुम्ला जिल्लामा शान्ति सुव्यवस्था कायम गरिरहन सहयोग, सद्भाव र समन्वय गर्नुहुने नागरिक समाज, राजनीतिक दल र सुरक्षा समितिसहित सबै हुम्लावासीमा आभार व्यक्त गर्दछु । यो अनुरोधलाई पूर्णरुपेण परिपालना गर्न/गराउन सबैको साथ सहयोग र सहजीकरण हुने विश्वास लिएको छु ।

२०८२/०६/०९

(टेककुमार रेग्मी)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी